# नेपाल सरकार

## सामान्य प्रशासन मन्त्रालय

## निजामती कर्मचारी सन्तति छात्रवृत्ति व्यवस्थापन समितिको

## सन्तति छात्रवृत्ति बितरण सम्बन्धी अत्यन्त जरूरी सूचना

यस मन्त्रालयको आर्थिक वर्ष २०६७/०६८ को स्वीकृत वार्षिक कार्यक्रमअन्तर्गत बहालवाला वा सेवा निवृत्त निजामती कर्मचारी ( निजामती सेवा ऐन, २०४९ ; स्वास्थ्य सेवा ऐन, २०५३ र व्यवस्थापिका संसद सचिवालय सम्बन्धी ऐन, २०६४ बमोजिमका पदहरू ) का तपसिलमा उल्लेखित विषयहरूमा स्वदेशका विश्वविद्यालयहरूमा स्नातक तह प्रथम/द्वितीय/ तृतीय/चतुर्थ/पञ्चम वर्षमा अध्ययनरत छोरा/छोरीहरूलाई छात्रवृत्ति प्रदान गर्ने सम्बन्धमा योग्यता पुगेका निजामती कर्मचारीका इच्छुक सन्ततिहरूले यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३० ( तीस ) दिनभित्र निजामती कर्मचारी सन्तति छात्रवृत्ति व्यवस्थापन समितिको सचिवालय, सामान्य प्रशासन मन्त्रालय, सिँहदरबारमा तोकिएको ढाँचामा रीतपूर्वक दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

<u>तपसिल</u>

१. चिकित्सा शास्त्र अन्तर्गत : एम.बी.बी.एस., बी.डि.एस. र बी.एस.सी.नर्सिङ
२. इन्जिनियरिङ
३. वन विज्ञान
४. कृषि
५. पशु विज्ञान तथा पशुस्वास्थ्य

<u>उम्मेदवारको योग्यता</u> :

१. प्रवेशिका परीक्षा कम्तीमा द्वितीय श्रेणीमा उत्तीर्ण गरेको,
२. प्रविणता प्रमाणपत्र तह वा १२ कक्षा उत्तीर्ण गरेको,
३. नेपालका विश्वविद्यालयहरूको माथि उल्लेखित विषयमा स्नातक तहमा भर्ना भई अध्ययनरत रहेको,

<u>नोट</u> :

क) उम्मेदवारले अनिवार्य रूपमा दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरू एवम् दरखास्तको ढाँचा यस मन्त्रालयको वेभसाइट www.moga.gov.np बाट डाउनलोड गरी वा यस मन्त्रालयको छात्रवृत्ति व्यवस्थापन समितिको सचिवालयबाट प्राप्त गर्न सकिने छ ।

ख) यस आ.ब. २०६७/०६८ जम्मा २०० ( दुइ सय ) जना बिद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिनेछ र बिषयगत छात्रवृत्ति सङ्ख्या दरखास्त सङ्ख्याको अनुपातमा निर्धारण गरिने छ ।

ग) साथै, गत आर्थिक वर्ष २०६६/०६७ मा छात्रवृत्ति प्राप्त गरिसकेका एम.बी.बी.एस., बी.डि.एस. र इन्जिनियरिङ बिषयमा अध्ययनरत बिद्यार्थीहरूले चालु आ.ब.को निमित्त छात्रवृत्ति रकम प्राप्त गर्नको लागि गत बर्षमा आफूले प्राप्त गरेको शैक्षिक शत्रको लब्धाङ्क पत्र सहितको प्रगति विवरण लिइ यस मन्त्रालयमा सम्पर्क राख्नुहुन अनुरोध छ ।

***